# “समाज को हितमा केही गर्न सक्ने छु भन्ने चाहना पालेको छु।“

-प्रितम गुरुङ, निर्माता, निर्देशक, नायक



पत्रकारिता विषय पढ्नको लागि जर्मनमा स्कलरशिप पाएर २०५३ सालतिर हिंडेका प्रितम गुरुङ- नेपालमा पत्रकार बाँच्न नसक्ने ठानेर चलचित्र क्षेत्रलाई रोजेर चलचित्र निर्माणतिर अग्रसर भएका हुन् । यति बेला सम्भवतः उनी गुरुङ समाजमा त हुन् नै आदिवासी चलचित्रकर्मी माफ्र सबैभन्दा बढी जातीय चलचित्र निर्माण गरिसकेका निर्देशकमा दरिएका छन् । भर्खर ३ दशकमा पाईला टेकेका प्रितमको जन्म पक्लिहवामा भएको हो । तनहुँ, चन्दनी मूल घर भएका प्रितमको बुवा दीलिपसिंह गुरुङ र आमा डण्डकुमारी गुरुङ हाल मित्रनगर, नयाँ बसपार्क, वडा नं. २९ स्थायी बसोबास गर्दैछन् । चलचित्र क्षेत्रमा नै लागेर कलाकारिता देखाईसकेकी सुनिता गुरुङसँग प्रितमको २०६१ सालमा विवाह बन्धनमा बाँधिएका छन् । ३ महिनामा ३ वटा भाषामा चलचित्र निर्माण गरेर अनौठो रेकर्ड कायम पनि गरेका रहेछन्- प्रितमले । जातीय चलचित्र र गुरुङ समाज सम्बन्धी उनीसँग उनकै अफिस रोधीं डिजिटलमा www.usnepalonline.com को लागि मेजन पुन मगरसँग भएका कुराकानी:

**चलचित्र निर्माण क्षेत्र तर्फ कसरी लाग्नु भयो ?**

– मगर समाजमा लाफा परिवार साँस्कृति लगायत जातीय गौरवको कुराहरू उठान गर्ने संस्था रहे जस्तै हाम्रो **रोधीं** परिवार गठन भएको थियो । लाफा परिवारले मगर चलचित्र लङ्घन (संस्कार) निर्माण गर्ने खबर पाएपछि हामी पनि **रोधीं** मार्फत गुरुङ चलचित्र **पाते (माईली)** निर्माण गर्न लागेका हौं । पहिले जातीय कुराहरूको उठान गर्न संलग्न थियौं पछि यसैबाट नाम कमाउन सकिने रहेछ भन्ने लाग्यो र अझ गहन रूपमा लागेको हुँ ।

**पातेको शुरूवात कसरी भयो ?**

– रोधीं सांस्कृतिक रूपमा गुरुङ समाजको पहिचानको लागि संलग्न त थियो नै अब गुरुङ चलचित्र निर्माण गरि गुरुङ समाजको पहिचान कायम गर्न कै लागि लागेका हौं । यसमा युवराज मास्के राना मगर (अनुभवी) को निर्देशनमा टेलिभिजनमा प्रसारण गर्न निर्माण गरेका हौं । यसैलाई पछि मेरै निर्देशनमा थप छायाङ्कन गरि ५ भाग बनाएर प्रदर्शन गर्न सफल भयौं । हालसम्म एनटिभिमा यो ३ पटक प्रसारण भइसकेको छ ।

**पातेले खर्च अनुरुप लगानी उठाउन सक्यो त ?**

– एनटिभिमा पाते २०५५ साल फागुन १२ गते प्रथम पटक प्रसारण भएको हो । प्रति भाग तीस हजारको दरले यसले मात्र एक लाख पचास हजार पाएको हो । जुन खर्चको एक चौथाई मात्र हो । तर हामीले **पाते**लाई भीएचएस क्यासेटमा निकालेर विदेशतिर बिक्री वितरण गरि खर्च उठाएका छौं ।

**रोधीं परिवारबारे जानकारी गराउनु हुन्छ कि ?**

– अहिले गुरुङ समाजको थुप्रै संघ/संस्था गठन भएका छन् । जति बेला रोधींले जातीय कुराहरूको आवाज उठाउथ्यो त्यतिबेला काठमाडौंमा २ वटा मात्र गुरुङ संस्था थियो । र, रोधीं गुरुङहरूको साँस्कृतिक पहिचानको लागि नियमित कार्यक्रम गर्ने संस्था थियो । यसै संस्था मार्फत हामी सिंगापुर-ब्रुनाई सांस्कृतिक कार्यक्रम लिएर प्रस्तुत गर्न गएका थियौं । हाल यो संस्थाका प्राय सबै सदस्यहरू विदेशमा छन् । यसैले गर्दा पनि **रोधीं** अहिले ओझेलमा परेको छ । तर जतिबेला जातीय कुरा गर्ने क्रमको शुरूवात भएको थियो- त्यतिबेला यो संस्था बलियो रूपमा दरिएको थियो ।

**तपाईले कति वटा चलचित्र निर्माण गरिसक्नु भयो ?**

– मेरो प्रोडक्सनबाट ९ वटा गुरुङ चलचित्र निर्माण गरिसकेको छु भने अन्य प्रोडक्सनको ३ वटा गरि १२ वटा चलचित्र निर्माण गरिसकेको छु ।

**तपाईले तीन महिनामा ३ वटा चलचित्र निर्माण गरेर रेकर्ड कायम गर्नु भएको चलचित्रको नाम चाहिं कुन कुन हुन नि ?**

– मगर भाषाको चलचित्र **यानीमाया**, गुरुङ भाषाको चलचित्र **न्होसै म्हिं** (आफ्नो मान्छे) र नेपाली भाषामा **सोल्टी राजा** असोज, कार्तिक र मंसीर महिनामा निर्माण गरेका चलचित्रहरू हुन् ।

**तपाईको चलचित्र व्यवसायिक हुन्छ कि शिक्षाप्रद ?**
– मेरो चलचित्र शिक्षाप्रद, स्वच्छ मनोरन्जनात्मक व्यावसायिक नै हुन्छ । आफ्नो लगानी डुबाएर कसैले पनि काम गर्न सक्दैन र चाहँदैनन् पनि । मैले अहिलेसम्म यस क्षेत्रमा निरन्तर रूपमा काम गरेको कारण लगानी गरेको रकम फिर्ता पाउने भएर नै हो । र, यो व्यावसायिक चलचित्र निर्माण गरेर नै सम्भव भएको हो ।

**पत्रकारितामा संलग्न तपाई कसरी चलचित्र क्षेत्रतिर पाईला बढाउनु भयो ?**
– वंशजमा कोही पनि यस क्षेत्रमा छैनन् तर पनि चलचित्रको क्रेजी चाहिं म सानै देखि कै हुँ । पत्रकारिता क्षेत्रबाट नेपालमा बाँच्न नसक्ने महसुस गरेर चलचित्र निर्माण गर्दा नामको साथसाथै दाम पनि कमाउने महसुस गरि यसै प्रति बढी संलग्नता देखाएको हुँ ।

**तपाईको चलचित्रमा अभिनय गर्ने कलाकारहरूलाई पारिश्रमिक दिने गर्नु हुन्छ ?**
– प्रथम कलाकार त आफैले मलाई मौका दिनु पर्‍यो भन्दै आउँछन् । तर पनि मेरो चलचित्रमा खेले वापत कसैलाई पनि खाली हात पठाएको छैन् ।

**तपाईले कलाकारिता क्षेत्रमा ल्याएका कलाकार या प्राविधिकहरू ?**
– सुवास गुरुङ (कलाकार), कृष्ण गुरुङ, दुर्गा गुरुङ (संगीतकार), राजु गुरुङ (नृत्य निर्देशक) गुरुङ समाजमा स्थापित व्यक्तिहरू हुन् ।

**तपाई चलचित्र निर्माण गरेपश्चात कसरी प्रदर्शन गर्नुहुन्छ ?**
– सर्वपंथम त म सामाजिक संस्थामा आवद्ध व्यक्ति भएको हुँदा धेरै थोरै समाजमा कार्यरत व्यक्तिहरूसँग चिनजान छ । यसैको आधारमा प्रदर्शन गरि आइरहेको छु ।

**रोधी प्रोडक्सनका प्रस्तुतिहरू**
१. पोते (माइली)
२. न्होल्स्यो (सोल्टिनी)
३. काशी (कान्छी)
४. मिथेवा (ठूलो मान्छे)
५. मीं (नाम)
६. आडेछ्च (सिरिल)
७. नानु
८. आजी (सानी आमा)
९. नानु- २

**प्रितमलाई अझ नजिकबाट कसरी चिन्ने ?**
- प्रथम गुरुङ चलचित्र निर्माण
- रोधी पत्रिका मार्फत पहिलो गुरुङ समाजको पत्रकार
- न्होल्स्यो पहिलो पटक समाजबाट हङकङमा प्रदर्शन
- न्होल्स्यो विदेशमा सुटिङ भएको समाजको पहिलो चलचित्र
- समाजबाट जापानमा शो भएको पहिलो चलचित्र– आजी
- आदिवासी चलचित्रकर्मीमा नै पहिलो डबल रोल
- ३ महिनामा ३ वटा भाषामा चलचित्र निर्माण गरेका निर्देशक

**समाजले कसरी हेर्ने गरेको छ प्रितमलाई ?**
– सबैको हेर्ने दृष्टिकोण फरक फरक छ । मूल्याङ्कन पनि त्यही अनुरुप हुन्छ । कसैले राम्रो गरेको छ भन्छन् भने कसैले अर्कै तरिकाले हेर्ने गर्दछन् । तर मैले समाजमा रहेको तितो सत्यलाई देखाउने प्रयास गरेको छु । कसैले सकारात्मक रूपमा हेर्छन् कसैले नकारात्मक रूपमा ।

**प्रितमलाई नकारात्मक रूपमा हेर्नुको कारण चाहि के रहेछ ?**
– गुरुङ समाज भित्र ४ जात र १६ जात, यो ठूलो- त्यो सानोको कुरा गरिन्छ । मैले सकभर हामी सबै गुरुङहरू एक हौं भन्ने कुरा उठान गर्दै चलचित्र निर्माण गरि आइरहेको छु । तर कहिलेकाहीं म १६ जाते भएको हुँदा सोच्नेहरूले प्रितमले १६ जातलाई ठूलो बनाउँछ भन्ने सोच्ने गर्दछन् । जब कि मेरो चाहना चाहिं त्यस्तो हुँदैन । हामी एकजुट हुनुपर्छ । समाज फुट्नु हुँदैन भन्ने चाहना ममा पनि छ ।

**अविस्मरणीय क्षण**

– **आजी** चलचित्रको सुटिङ छुम्रुङ गाउँ र अन्नपूर्ण बेसक्याम्पमा गएर गरिएको हो । म भूतप्रेतमा विश्वास नगर्ने मान्छे हुँ । तर यो सुटिङको क्रममा हाम्रो सहनायिकालाई बोक्सी लाग्यो । उसको शरीर नै चिसो भएर बेहोस सरह भइन् । डाक्टरलाई देखाइयो । उसले केही गर्न सकेन । झाँक्रीलाई देखाउँदा केही सञ्चो भइन् । पछि पुनः बोक्सीले छोप्यो । हामी सबैले त्यो झाँक्रीको गुरुको घर लग्ने निर्णय गरेर गयौं । झाँक्रीको गुरुको घर जाने क्रममा हाम्रो अर्को कलाकारलाई पनि बोक्सीले छोप्यो । बल्लबल्ल लिएर त्यो झाँक्रीको घर छेउ एउटा सानो खोला रहेछ । त्यो खोला कट्नासाथ दुवैजना निको भए । झाँक्रीले बोक्सी लागेको छ– पछि फेरि सुटिङ गर्न आउनु पर्छ । तिमीहरूको क्यामरा पनि बिग्रेको छ भन्यो । विश्वास त थिएन तर विश्वास गर्न बाध्य भयौं । साँच्चै हाम्रो क्यामरा बिग्रिएको रहेछ । यसरी हामी सुटिङ स्थगित गरी फर्कियौं । अर्कोपटक अन्नपूर्ण बेसक्याम्पमा पुनः बोक्सीले छोप्यो । त्यहाँ जान्ने झाँक्री रहेछ उसले सबै कुरा बताइदियो । को लागेको हो भन्ने सम्म हामीले थाहा पायौं । यस्तो कुराहरू विश्वास नहुँदा नहुँदै पनि प्रत्यक्ष आफूलाई परेको हुँदा अहिले विश्वास गर्न बाध्य भएको छु । र, भविष्यमा यस सम्बन्धी फिल्म बनाउने सोंच पनि पलाएको छ ।

**अन्त्यमा,**

– सबैले भन्छन्- पैसा कमाउन चलचित्र निर्माण गरेको छ प्रितमले । तर त्यसको बाबुजुद पनि समाजको कुराहरू उठान गरी आएको छु । र, गुरुङ समाजले अझ साथ दिनुभयो भने भविष्यमा रोधी सम्बन्धी चलचित्र र आसीम (मर्दैन) बनाउने सोचाई पालेको छु । यस अर्थमा समाजको हितमा केही गर्न सक्ने छु भन्ने चाहना पालेको छु । धन्यवाद ।

February 16, 2008, Kathmandu